याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(सहकारी शाखा)

थर्पु, पाँचथर
कोशि प्रदेश, नेपाल

सूचना नं. -:११-२०८०/०८१ मिति:-२०८०/०५/२६

**सूचना।** **सूचना।।** **सूचना।।।**

सहकारी संस्थाको संचालक समितिको पदाधिकारी,लेखा सुपरिवेक्षण समितिको पदाधिकारी, ऋण उपसमितिको पदाधिकारीहरु, संस्थाको कर्मचारी तथा साधारण सदस्यहरुले सहकारी संस्थाबाट ऋण लिई तोकिएको भाका भित्र नियमित किस्ता, साँवा, ब्याज नबुझाउने,भाका भित्र साँवा ब्याज बुझाउन ताकेता गर्दा समेत ऋणको किस्ता र साँवा ब्याज बुझाउन अटेर गर्ने गरेको कारण सदस्यहरुको बचत रकम फिर्ता र संस्था संचालनमा समस्या परि संस्था नै समस्यामा पर्दै गएकोले ऋणहरुले भाका भित्र नतिरेको ऋण असुलिमा सहजीकरणको लागि जिल्ला सहकारी संघ, पाँचथरको च.नं.१ मिति २०८०/०४ /११ गतेको पत्रबाट अनुरोध भई आएकले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

अतः याङवरक गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाहरुबाट ऋण लिई नियमित रुपमा किस्ता बुझाउने, तोकिएको भाका भित्र ऋणको साँवा, ब्याज नतिर्ने ऋणी सदस्यहरुले सम्पर्कमा आई ऋण तिर्नु हुन, सहकारी संस्था सदस्यहरुले संकलन गरेको बचत तथा शेयरबाट संचालन भएको कारण आफु जस्तै अन्य सदस्यहरुको बचत रकम फिर्ता गर्न सहयोग गरिदिन हुन र आफ्नो सहकारी संस्थालाई समस्याग्रस्त हुनबाट बचाउनु हुन साथै कालो सूचिमा पर्नबाट जोगिनु हुन अनुरोध छ। संस्थाको ऋण जानाजानी अटेर गरी तोकिएको समय मै किस्ता, साँवा र ब्याज नबुझाई अटेर गरेमा प्रचलित कानून बमिजिम कारवाही हुनेछ। सहकारी ऐन २०७४ अनुसार जरिवाना हुन सक्ने प्रावधान बमोजिम गाउँपालिकाले अनुगमन कार्यलाई तत्काल प्रभावकारी रुपमा संचालन गरिएकोले ऐन नियम विपरित कार्य गरेको देखिन आएमा सहकारी संस्थाहरुलाई तोकिए बमोजिमको जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ।

.........................
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकिय अधिकृत

सुमन लिङ्देन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत